आज मिति २०८२ फागुन महिना २७ गते बुधबारका दिन राइनास नगरकार्यपालिकाको कार्यालयको हलमा नगर प्रमुख श्री खड्ग बहादुर गुरुङज्यूको अध्यक्षतामा तपशील बमोजिमका नगर कार्यपालिकाका सदस्य एवं पदाधिकारीहरुको उपस्थितिमा नगरकार्यपालिकाको ८७ औं नियमित बैठक बसी निम्नानुसार निर्णय भयो।

**उपस्थिति :**

| दस्तखत | नाम थर | पद |
|---|---|---|
| | नगर प्रमुख श्री खड्ग बहादुर गुरुङ | अध्यक्ष |
| | नगर उप प्रमुख श्री पुष्पराज खनाल | सदस्य |
| | वडा अध्यक्ष वडा नं.१ श्री विष्णु प्रसाद पौडेल | सदस्य |
| | वडा अध्यक्ष वडा नं.२ श्री लक्ष्मण शाही | सदस्य |
| | वडा अध्यक्ष वडा नं.३ श्री देउ बहादुर पौडेल | सदस्य |
| | वडा अध्यक्ष वडा नं.४ श्री बलराम पराजुली | सदस्य |
| | वडा अध्यक्ष वडा नं.५ श्री शङ्ख बहादुर सार्की | सदस्य |
| | वडा अध्यक्ष वडा नं.६ श्री गोविन्द चिलुवाल | सदस्य |
| | वडा अध्यक्ष वडा नं.७ श्री मोहनलाल श्रेष्ठ | सदस्य |
| | वडा अध्यक्ष वडा नं.८ श्री कृष्ण बहादुर रानाभाट | सदस्य |
| | वडा अध्यक्ष वडा नं.९ श्री लुविन्द्र गुरुङ | सदस्य |
| | वडा अध्यक्ष वडा नं.१० श्री लक्ष्मण गुरुङ | सदस्य |
| | कार्यपालिका सदस्य श्री नानुमाया लामा | सदस्य |
| | कार्यपालिका सदस्य श्री सोचना लौडारी | सदस्य |
| | कार्यपालिका सदस्य श्री कल्पना सुनार | सदस्य |
| | कार्यपालिका सदस्य श्री दिलमाया गुरुङ | सदस्य |
| | कार्यपालिका सदस्य श्री चन्द्रावती पन्थी | सदस्य |
| | कार्यपालिका सदस्य श्री सुक बहादुर वि.क. | सदस्य |
| | कार्यपालिका सदस्य श्री विन्दु वि.क. | सदस्य |
| | कार्यपालिका सदस्य श्री विमला कुमाल | सदस्य |
| | प्रमुख प्रशासकीय अधिकृत श्री शिबराज रेग्मी | सचिव |

**आमन्त्रित /अन्य उपस्थिति :**

| | | |
|---|---|---|
| | विमला वाग्ले, प्रशासकीय अधिकृत | |
| | नितेश रिसाल, इन्जिनियर | |
| | केशव वली लेखापाल | |
| | | |
| | | |
| | | |

CamScanner

निर्णय प्रमाणित
०८२/११/२८

**मिति २०८२/११/२७ गतेको ८७ औं नगरकार्यपालिका बैठकका प्रस्ताव तथा निर्णयहरु**

**बैठकमा पेश भएका प्रस्तावहरु**

१. अघिल्लो बैठकका निर्णय कार्यान्वयनको अवस्था सम्बन्धमा।

२. सडक दुर्घटना न्यूनीकरण तथा दैविप्रकोप न्यूनीकरण सम्बन्धमा ।

३. "घ" वर्गको निर्माण व्यवसाय इजाजत सम्बन्धमा ।

४. विविध ।

**निर्णयहरु:**

**निर्णय नं.१:**

नगर कार्यपालिकाको अघिल्लो बैठकका निर्णयहरुको कार्यान्वयन अबस्था बारे समीक्षा गरियो।

**निर्णय नं.२:**

सडक दुर्घटना न्यूनीकरणका लागि स्थानीय प्रहरी लगायतका सरोकारवालासँग छलफल गरी आवश्यक रणनीति तय गर्ने । आगलागी लगायतका विपद्‌जन्य घटना न्यूनीकरणको लागि आवश्यक पूर्व तयारी गर्ने, प्रचारप्रसार गरी जनचेतना जगाउने।

**निर्णय नं.३:**

पृथक संरचना निर्माण सेवा प्रा.लि.ले "घ" वर्गको निर्माण व्यवसायी इजाजतपत्र प्राप्तिका लागि निवेदन पेश गरेकोमा यस नगरपालिकाको निर्माण व्यवसायी इजाजतपत्र सम्बन्धी कार्यविधि बमोजिम मापदण्ड पुरा भएको देखिएको हुँदा श्री पृथक संरचना निर्माण सेवा प्रा.लि.लाई नियमानुसार "घ" वर्गको निर्माण व्यवसायी इजाजतपत्र उपलब्ध गराउने।

**निर्णय नं.४: (विविध)**

(क) स्थानीय शासन कार्यसम्पादन मूल्याङ्कन प्रणालीमा (Local Governance Performance Assessment System: LGPAS) भएका सूचकहरुको विषयमा छलफल भयो। उक्त प्रणाली बमोजिम यस नगरपालिकाको स्व-मूल्याङ्कन गरी समय भित्रै सम्बन्धित निकायमा पठाउने।

(ख) सार्वजनिक खरिद ऐन,२०६३ तथा नियमावली, २०६४ बमोजिम यस नगरपालिकाको खरिद सम्बन्धी कार्यहरु सम्पादन गर्ने ।

(ग) नगरपालिका क्षेत्रभित्र फोहर तथा कबाडिजन्य बस्तु संकलन गर्नको लागि कवाडी संकलन केन्द्र रा.न.पा.३, टिमुरे लमजुङका सञ्चालक कपिल भुजेलबाट निवेदन पेश हुन आएकोले फोहरमैला व्यवस्थापनको लागि निज निवेदकसँग सम्झौता गर्ने ।

(घ) यस कार्यालय अन्तर्गतका विभिन्न योजनाहरूको कार्यस्थलमा खटिई नापजाँच, अनुगमन तथा प्राविधिक सुपरिवेक्षण जस्ता कार्यहरू निरन्तर रूपमा सम्पादन गर्नुपर्ने इन्जिनियरिङ सेवाका प्राविधिक कर्मचारीहरूको कार्य प्रकृतिको विशिष्टतालाई मध्यनजर गर्दै, बिहान, बेलुका तथा सार्वजनिक बिदाका समयमा समेत अतिरिक्त समय कार्य गर्नुपर्ने विशेष परिस्थितिमा कर्मचारीहरूको

CamScanner

मनोबल उच्च राख्न महिनामा ४० घण्टा वा सोभन्दा बढी अतिरिक्त समय खटिने सातौं तहका कर्मचारीलाई रू. १३,०००, छैठौं तहलाई रू. १२,०००, पाँचौं तहलाई रू. १०,००० र चौथो तहलाई रू. ९,००० प्रोत्साहन सुविधा उपलब्ध गराउने, तर ४० घण्टाभन्दा कम अतिरिक्त समय कार्य गरेको अवस्थामा ४० घण्टालाई आधार मानी निजले सम्पादन गरेको वास्तविक कार्य समयको दामासाही दरले मात्र गणना हुने गरी, अतिरिक्त समयमा सम्पादन गरेको कार्यको पुष्टयाइँ हुने विवरणहरू जस्तैः लागत अनुमान, नापजाँच किताब (MB), कार्यसम्पन्न प्रतिवेदन वा फिल्ड उपस्थितिको प्रमाण खुल्ने गरी अनिवार्य रूपमा संलग्न राखिएको फिल्ड लगबुकको आधारमा प्रमाणित गराई स्वीकृत योजनाहरूको कन्टिन्जेन्सी (Contingency) रकमबाट नियमानुसार भुक्तानी दिने। यसअघि अतिरिक्त समयमा सम्पादित कार्यको समेत सोही बमोजिम प्रोत्साहन सुविधा उपलब्ध गराउने ।

(ङ) उद्यम विकास कार्यक्रम तर्फ प्रबिधि हस्तान्तरण कार्यक्रम अन्तरगत आधुनिक मौरीघार, क्वीन गेट, मह निकाल्ने तथा प्रशोधन मेसिन, पन्जा, टोपी जस्ता प्रविधि मैत्री सामग्री सरोकारवालाहरुलाई प्रचलित कार्यविधि बमोजिम वितरण गर्ने व्यवस्था मिलाउने।

(च) राइनास नगरपालिका वडा नं ५ निवासी श्री कृष्ण बहादुर सार्कीको श्रीमतिको लास व्यवस्थापन वापतको सवारी साधन भाडा रकम रु ६,०००। उपलब्ध गराउने ।